सप्तरी जिल्ला अदालत
राजबिराज

# सप्तरी जिल्ला अदालत, राजबिराजबाट जारी भएको पुरानो भवन लिलाम बढाबढ सम्बन्धी गोप्य शीलबन्दी आह्वानको सूचना

सूचना प्रकाशित मिति: २०७५।०८।२८ शुक्रबार

उपरोक्त सम्बन्धमा यस सप्तरी जिल्ला अदालतको नयाँ भवनको अगाडि रहेको मालपोत कार्यालयल सप्तरीले हस्तान्तरण गरेको पुरानो भवन आर्थिक कार्यबिधि ऐन २०६४ को नियम ५८ बमोजिम गोप्य शीलबन्दीको प्रकृयाद्धारा लिलाम बढाबढ गरी बिक्री गर्नु पर्ने भएको हुँदा यस अदालतको भवन लिलाम सम्बन्धी मूल्यांकन समितिको मिति २०७५।०८।२७ को निर्णय अनुसार इच्छुक ब्याक्ति, फर्म, संस्था वा कम्पनीहरुबाट देहाय बमोजिमका शर्तहरुको अधीनमा रही रितपूर्वकको निबेदन आह्वानको लागि यस सूचना प्रकाशन गरिएको छ ।

१. <u>लिलाम बढाबढ हुने बस्तुको बिबरण :</u>
यस अदालत परिसरमा रहेको नयाँ भवनको पूर्व पट्टि रहेको मालपोत कार्यालय सप्तरीबाट हस्तानतरण भई आएको पुरानो भवन र सो मा रहेका भवनसंग सम्बन्धित मालसामानहरु ।
२. <u>लिलाम बढाबढको लागि न्यूनतम मूल्य</u> : रु. ३,३५,०००।००(तिन लाख पैतिस हजार रुपैया मात्र ।)
३. लिलाम भएको भवन भत्काउने, लैजाने र परिसर सफा गर्दा लाग्ने सम्पूर्ण खर्च समेत लिलाम सकार गर्ने पक्षले नै बेहोर्नु पर्ने छ ।
४. <u>बोलपत्रको निबेदन दिने अन्तिम मिति</u> : सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र ।
५. <u>बोलपत्रको निबेदन दस्तुर</u> : रु. १,०००।०० (यस अदालतको लेखा शाखामा नगदै दाखिल गर्ने ।)
६. <u>बोलपत्रको निबेदन फारम पाइने स्थान</u> : सप्तरी जिल्ला अदालतको लेखा शाखा ।
७. <u>निबेदकले निबेदन पेश गर्दा पालना गर्नुपर्ने शर्तहरु :</u>
(क) निबेदन दर्ता गर्दा आफूले बोल कबोल गरेको रकमको १० प्रतिशत रकम कोष तथा लेखा नियन्त्रक कार्यालय सप्तरीको धरौटी खाता नं. २१८०२०३ (राष्ट्रिय बाणिज्य बैंक मा रहेको खाता) मा धरौटी राखेको भौचर शीलबन्दी बोलपत्र साथ पेश गर्नु पर्नेछ ।
(ख) दर्ता भएको बोलपत्रहरु बोलपत्रको निबेदन दिने अन्तिम मितिको भोलिपल्ट बिहानको ११ बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा खोलिनेछ ।
(ग) बोलपत्र खोल्ने दिन बोलपत्र दाता वा निजका प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
(घ) बोलपत्र खोल्ने दिन सार्बजनिक बिदा परेमा अदालत खुलेको दिन बोलपत्र खोलिनेछ ।
(ङ) बोलपत्रमा बोलपत्रको मूल्य अंक र अक्षरमा स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

(च) म्याद नाघि आएको , रित नपुगेको र न्यूनतम मूल्यांकन भन्दा कम मूल्य राखी पर्न आएको शीलबन्दी बोलपत्रलाई मान्यता दिइनेछैन ।

(छ ) एक ब्याक्ति फर्म, संस्था वा कम्पनिको नाममा खरिद गरिएको बोलपत्र अर्को ब्याक्ति फर्म, संस्था वा कम्पनिको नाममा दाखिल गर्न पाइने छैन ।

(ज ) बोलपत्र उपर कारबाही भएपछि छनौट भएका बोलपत्रदाताले बुझाउनु पर्ने बाँकि ९० प्रतिशत रकम निर्णय भएको मितिले ७ दिन भित्रमा माथि उल्लेखित प्रकरण ६ (क) बमोजिमको धरौटि खातामा जम्मा गर्नुपर्नेछ । उक्त लिलाम भएको भवन बाँकि ९० प्रतिशत रकम जम्मा भएको मितिले १५ दिन भित्रमा खाली गरि ठाउँ सफा गरि उठाइ लगिसकेको हुनुपर्नेछ ।

(झ) बोलपत्रदाताले लिलाम बढाबढ हुने भनिएको भवन हेर्न चाहेमा अदालत समयभित्र हेर्न र देखाउन सकिनेछ ।

(ञ) दर्ता भएको बोलपत्र छानबीन लगायत स्विकृत गर्ने वा नगर्ने समेतका सम्पूर्ण अधिकार आर्थिक ऐन नियमको अधीनमा रही यस अदालतमा निहित रहनेछ ।

८) शीलबन्दी बोलपत्र साथ पेश गर्नु पर्ने कागजातहरु :

ब्याक्तिको हकमा नेपाली नागरीकताको प्रतिलिपि , फर्म वा संस्था वा कम्पनिको हकमा आ.ब. २०७४।७५ को कर चुक्ता प्रमाणपत्र र आ.ब. २०७४।७५ मा नवीकरण भएको कागजातहरु संलग्न गर्नुपर्ने ।

उप-सचिव